# स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकालय सुदृढीकरण अनुदान सम्बन्धी कार्यविधि, २०७८

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

प्रस्तावनाः

शिक्षा विकास निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकालय सुदृढीकरण लागि एकमुष्ठ बजेट विनियोजित भएकोमा यस कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाउदै सामुदायिक पुस्तकालयको क्षमता विस्तार गरी प्रभावकारी सेवा प्रदान गर्न बाञ्छनीय भएकोले विनियोजन ऐन, २०७८ को दफा १०(२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम " स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकालय सुदृढीकरण अनुदानसम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

२ यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ ।

२. परिभाषाः

(क) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ

(ख) **"निर्देशनालय"** भन्नाले बागमती प्रदेश सरकार शिक्षा विकास निर्देशनालयलाई सम्झनु पर्दछ

(ग) **"पुस्तकालय"** भन्नाले पाँचसय वा सोभन्दा बढी पुस्तक, पत्रिका तथा विद्युतीय माध्यमबाट पढिने सामग्री लगायतका पठन सामग्रीको सकलन भै सर्वसाधारणलाई त्यस्ता पठन सामग्रीको अध्ययन गर्न दिने सेवा सञ्चालित सस्था सम्झनु पर्दछ । सो शब्दले सरकारी पुस्तकालय समेतलाई जनाउछ ।

(घ) **"सामुदायिक पुस्तकालय"** भन्नाले स्थानीय समुदाय, समाजसेवी वा सामुदायिक सस्था, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायको सहयोगमा सुदृढीकरण र सञ्चालन भएका पुस्तकालयलाई जनाउछ । सो शब्दले पुस्तकालय, वाचनालय, विद्युतीय पुस्तकालय समेतलाई जनाउछ ।

(ङ) **"सामुदायिक पुस्तकालय सुदृढीकरण / सुदृढीकरण अनुदान"** भन्नाले सामुदायिक पुस्तकालय सुदृढीकरणका लागि दिइने अनुदानलाई सम्झनु पर्दछ ।

(ङ) **"पुस्तक"** भन्नाले समग्र वा खण्डखण्ड छपाइ गरी तयार पारिएका विवरण, पत्र, पठन सामग्री, ब्रेल लिपिमा तयार गरिएका पठन सामग्री समेतलाई सम्झनु पर्दछ र सो शब्दले पाठ्यपुस्तक तथा विद्युतीय पठन सामग्रीहरु समेतलाई जनाउदछ ।



माननीय कुमारी ... सामाजिक विकास मन्त्री

(च) **"समिति"** भन्नाले सम्वन्धित पुस्तकालयको विधानमा उल्लेख भएको समितिलाई सम्झनुपर्दछ ।

(छ) **"स्थानीय सरकार"** भन्नाले जिल्ला समन्वय समिति, महनगरपालिका,उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनुपर्दछ ।

(ज) **"सामुदायिक पुस्तकालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त पुस्तकालयलाई सम्झनुपर्दछ

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

## परिच्छेद-२
## उद्देश्य, सर्त, छनोट प्रकृया र मापदण्ड

३. उद्देश्य: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ:

(क) स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकालय सुदृढीकरणका लागि पुस्तकालय पहिचान गर्ने

(ख) सामुदायिक पुस्तकालय छनोटको मापदण्ड निर्धारण गर्ने

(ग) छनोट भएका सामुदायिक पुस्तकालयहरूको क्षमता विकासका कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने

(घ) पठन सस्कृतिको विकास गर्ने ।

४. सर्त: स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकालय सुदृढीकरण अनुदानका लागि आवेदन दिन देहायका सर्त पुरा गरेको हुनु पर्नेछ:

क) पुस्तकालय सार्वजनिक (गैर नाफामूलक) हुनुपर्दछ

ख) सकेसम्म आफ्नै भवन भएको वा नभए कम्तीमा ५ वर्ष लिजमा लिई पुस्तकालय सम्बन्धी कार्यक्रम सञ्चालन भएको

ग) पुस्तकालयको मानव संशाधनका लागि स्थानीय तहबाट वार्षिक रुपमा नियमित अनुदान दिएको प्रमाण पत्र

घ) पुस्तकालय नियमित रुपमा सञ्चालन भएको

ङ) दैनिक सेवा सञ्चालन गर्न कम्तीमा एकजना व्यवस्थापक र एकजना सहयोगीको व्यवस्था भएको

च) अनुसूची १ मा उल्लेख भएको पुस्तकालय सुदृढीकरण प्रस्तावमा स्थानीय तह र निर्देशनालबाट सहकार्य गर्ने गरी सम्वन्धित स्थानीय तहले गरेको प्रतिबध्दता सहित सिफारिश पत्र पेश गर्नुपर्ने

छ) सहकार्यका लागि निर्देशनालयबाट उपलब्ध गराइएको अनुदान रकमबाट पुस्तक, पत्रपत्रिका, विद्युतीय पुस्तकालय सेवा, शैक्षिक सूचना प्रविधि, कम्प्यूटर ,प्रिन्टर, फोटोकपी, फर्निचर आदि जस्ता क्षेत्रहरुमा उपयोग गर्नुपर्ने छ ।

ज) अनुदानका लागि अनुसूची को ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ



सचिव

माननीय कुमारी ... सामाजिक विकास मन्त्री

५. छनोट प्रकृया: दफा ४ बमोजिमका सर्त पुरा गरेका स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकालय सुदृढीकरण गर्न अनुदानका लागि छनोट गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नुपर्ने छ।

१. दफा ४ बमोजिमका सर्त पुरा गरेका सामुदायिक पुस्तकालयहरूले अनुदानका लागि अनुसूची-१ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न गरी आवेदन पेस गर्न निर्देशनालयले १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा र निर्देशनालयको वेबसाइटमा प्रकाशित गर्ने

२. उपदफा १ बमोजिम प्राप्त प्रस्तावनाहरूको जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ४ बमोजिमका सर्त पुरा गरेका सामुदायिक पुस्तकालयहरूमध्ये दफा ७ बमोजिमको मापदण्ड अनुसार सबै भन्दा बढी अङ्क प्राप्त गर्ने पुस्तकालयहरू छनोट गर्ने

३. छनोट भएका पुस्तकालयहरुले तोकिएको समयमा सम्झौता गर्न नआएमा सोपछिको दोस्रो बढी अङ्क प्राप्त गर्ने पुस्तकालय छनोट गर्ने ।

६. प्रस्तावना जाँचबुझ तथा मूल्याङ्कन समिति: यस समितिमा निम्नानुसारका पदाधिकारीहरू रहनेछन्:

क) शिक्षा विकास निर्देशनालयका निर्देशक- सयोजक

ख) सार्वजनिक पुस्तकालय हेटौंडाबाट एकजना प्रतिनिधि

ग) योजना तथा कार्यक्रम शाखाको अधिकृत शिक्षा विकास निर्देशनालय

७. छनोटका मापदण्डहरू : स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकालय सुदृढीकरणका लागि प्रस्ताव पेस गर्ने पुस्तकालयहरु छनोट गर्दा तपसिलका मापदण्डका आधारमा गरिने छ –

क. भौतिक - १० पूर्णाङ्क

१. आफ्नै जग्गामा अध्यापन कोठासहित कम्तीमा ४ कोठाको भवन र शौचालय भएको भएमा –१० अङ्क

२. आफ्नै जग्गामा ३ कोठाको भवन र शौचालय भएको भएमा– ८ अङ्क

३. विगत ५ वर्षदेखि भाडामा बसेको वाचनालय सहित चार कोठे भवन र शौचालय भएको भएमा– ६ अङ्क

ख. मानव ससाधन- १० पूर्णाङ्क

१. एकजना लाइबेरियन सहित ३ जना कर्मचारी र पुस्तकालय व्यवस्थापन समिति भएको भएमा– ६ अङ्क

२. एकजना लाइबेरियन सहित २ जना कर्मचारी र पुस्तकालय व्यवस्थापक समिति भएमा– ६ अङ्क

३. एकजना कर्मचारी र पुस्तकालय व्यवस्थापन समितिको व्यवस्था भएको भएमा– ६ अङ्क

ग. सूचना तथा प्रविधिको व्यवस्था - १० पूर्णाङ्क

१. इन्टरनेट सुविधा र E- Library को व्यवस्थासहित एकैसाथ १५ जना सम्मले पढ्न मिल्ने डेस्कटप/ल्यापटपको व्यवस्था भएको भएमा- १० अङ्क

२. इन्टरनेटको सुविधासहित एकैसाथ १५ जना सम्म पढ्न मिल्ने डेक्सटप/ल्यापटपको व्यवस्था भएको भएमा- ८ अङ्क

३. इन्टरनेटको सुविधासहित एकैसाथ १० जना सम्म पढ्न सक्ने डेक्सटप/ल्यापटपको व्यवस्था भएको भएमा- ६ अङ्क

४. कम्तीमा ५ ओटासम्म ल्यापटपको व्यवस्था भएको भएमा- ४ अङ्क

घ. साझेदारीको सुनिश्चितता- १० पूर्णाङ्क

१. स्थानीय तहबाट पुस्तकालयलाई नियमित दुई लाख भन्दा बढी अनुदान प्रदान गर्ने सुनिश्चितता भएको भएमा-१० अङ्क

२. अन्य सङ्घ संस्थाबाट कम्तीमा ५ बर्षका लागि दुई लाख वा सो भन्दा बढी रकम प्रदान गर्ने सम्झौता भएको भएमा- ८ अङ्क

ङ. भौगोलिक क्षेत्र - १० पूर्णाङ्क

१. गाउँपालिका भित्रको पुस्तकालय भएमा - १० अङ्क
२. नगरपालिका भित्रको पुस्तकालय भएमा - ७ अङ्क
३. उपमहानगरपालिका/ महानगरपालिका भित्रको पुस्तकालय भएमा - ५ अङ्क

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

कार्यक्रम सञ्चालन विधि र पालना गर्नुपर्ने सर्तहरू

८. दफा ४ (च) बमोजिम पेश गरिएको प्रतिवध्दता अनुरुप पुस्तकालयबाट गर्नुपर्ने कामका लागि सम्वन्धित विषय क्षेत्रको प्राविधिकबाट स्पेशिफिकेशन, ड्रइङ, डिजाइन र लागत अनुमान तयार गर्नुपर्ने हकमा सो अनुसारका स्पेशिफिकेशन, ड्रइङ, डिजाइन र लागत अनुमान तयार गर्न लगाई सम्वन्धित पुस्तकालय व्यवस्थापन समितिको बैठकबाट स्वीकृत गरी स्थानीय तहको सिफारिशसाथ पेश गर्नुपर्नेछ ।

९. प्राविधिकबाट स्पेशिफिकेशन, ड्रइङ, डिजाइन र लागत अनुमान तयार गर्नु नपर्ने विषय क्षेत्रका सन्दर्भमा लागत अनुमान तयार गरी गराई सम्वन्धित पुस्तकालय व्यवस्थापन समितिको बैठकबाट स्वीकृत गरी स्थानीय तहको सिफारिशसाथ पेश गर्नुपर्नेछ ।

१०. निर्देशनालयले तोकिएको बजेटको सीमाभित्र रही सम्वन्धित पुस्तकालय व्यवस्थापन समितिका अध्यक्षसंग आवश्यक सर्तहरू समावेश गरी सम्झौता अनुसार कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्नेछ।

११. सम्झौता अनुरुपको कार्य सुरु भए पश्चात् निर्देशनालयले सम्झौतामा उल्लेख भए बमोजिम पहिलो किस्ता वापत अनुदान रकमको बढीमा ४०% सम्म रकम पेश्की स्वरुप पुस्तकालयको बैंक खातामा निकासा दिइनेछ

१२. सम्वन्धित पुस्तकालय व्यवस्थापन समितिबाट दफा ८ र ९ अनुसारको कार्य सम्पन्न भएको प्रतिवेदन, सम्वन्धित स्थानीय तहको सम्वन्धित वडा कार्यालयबाट भुक्तानीका लागि सिफारिश र आवश्यक बिल भरपाई पेश गर्नुपर्ने र सोको आधारमा अन्तिम किस्ताको रूपमा बाँकी रकम निर्देशनालयबाट पुस्तकालयको बैंक खातामा निकासा दिइनेछ।

१३. सार्वजनिक खरिदसम्बन्धी ऐन, नियम तथा कार्यविधिअनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्ने छ ।

१४. पुस्तक खरिद गरी जिन्सी खातामा स्टोर दाखिला गरेको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

१५. सम्पूर्ण कार्य सम्पन्न भइसके पछि पुस्तकालयले सम्बन्धित स्थानीय तहका प्राविधिकबाट कार्य सम्पन्न भए नभएको सम्बन्धमा स्थलगत रूपमा भ्रमण तथा नापजाँच गरई कार्य सम्पन्न प्रतिवेदन, पुस्तकालय व्यवस्थापन समितिको निर्णय, स्थानीय तहको सिफारिश र आवश्यक बील भरपाई पेस गर्नुपर्ने र सो कागजातको आधारमा अन्तिम किस्ताको रूपमा बाँकी रकम पुस्तकालयको बैंक खातामा निकासा दिइनेछ ।

१६. पुस्तकालय व्यवस्थापन समितिले कार्यक्रम अनुगमनका लागि सम्बन्धित स्थानीय तहको प्रतिनिधि, पुस्तकालय व्यवस्थापन समितिको प्रतिनिधि र शिक्षक प्रतिनिधि समेत रहेको एक अनुगमन समिति गठन गर्नुपर्ने छ ।

५

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

## परिच्छेद-४
## विविध

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

१७. **विवरण पठाउनु पर्ने:** निर्देशनालयले स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकालय सुदृढीकरण/सुदृढीकरण गर्नका लागि छनोट गरिएका सामुदायिक पुस्तकालयको विवरण मन्त्रालयमा पठाउनुपर्ने छ।

१८. **खर्च व्यवस्थापन:** कार्यक्रम सञ्चालनका लागि मापदण्ड तयारी, बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यमा भएको अत्यावश्यक खर्च सम्बन्धित कार्यक्रम शीर्षकबाट व्यवस्थापन गर्न सकिने छ ।

१९. **लेखा तथा लेखापरीक्षण:** सामुदायिक पुस्तकालयहरूले सुदृढीकरण अनुदान वापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नुपर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ।

२०. **सरकारी बाँकी सरह असुलउपर गरिने:** सुदृढीकरण अनुदान प्राप्त गर्ने पुस्तकालयहरूले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बिचमा कार्य छाडेमा अनुदान निकासा भएको रकम पुस्तकालयसँग सरकारी बाँकी सरह असुलउपर गरिने छ।

२१. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भए देखि बाहेकका अन्य विषयहरूमा प्रचलित कानुन बमोजिम हुने छ।

सचिव

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१

(दफा ४ (६) सग सम्वन्धित सामुदायिक पुस्तकालय सुदृढीकरण प्रस्ताव फाराम)

१. सामुदायिक अध्ययनकेन्द्रको नामः

२. ठेगानाः-

३. दर्ता नं-

४. दर्ता भएको मितिः-

५. दर्ता भएको स्थानः-

अ. भौतिक विवरण

क. पुस्तकालयको नाममा जग्गा छ छैन भएमा जग्गाधनी प्रमाण पूर्जा पेश गर्नुपर्ने

ख. अन्य ................................ अन्य भएमा सोको प्रमाण/कागजातहरु पेश गर्नुपर्ने

ग. पुस्तकालयको आफ्नै भवन छ छैन

घ. शौचालय म. पु.

घ. पुस्तकालय कोठा सङ्ख्या ........................

ङ. अध्ययन कक्ष

क्षेत्रफल ........................

अन्य................................

च. सम्पर्क व्यक्तिको नाम र मोवाइल नम्बरः

आ. (१) शिक्षा सम्बन्धी सामग्री विवरण

| क्र.सं. | विवरण | सामग्रीको नाम | सङ्ख्या |
|---|---|---|---|
| I. | निरन्त विद्यालय शिक्षा | | |
| II. | उच्च शिक्षा | | |
| III. | अनुसन्धानात्मक सामग्री | | |
| IV. | साहित्य | | |
| V. | अनुसन्धान प्रतिवेदन | | |
| VI. | योजना | | |
| VII. | महिला शिक्षा | | |
| VIII. | बाल विकास | | |
| IX. | ऐन, नियमहरु | | |



सचिव

माननीय कुमारी ...
सामाजिक विकास मन्त्री

(२) शिक्षामा प्रविधि (ICT in education)

| क्र.सं. | विवरण | सामग्रीको नाम | सङ्ख्या |
|---|---|---|---|
| I. | कम्प्युटर | | |
| II. | E- Library | | |
| III. | फर्निचर तथा औजार | | |

इ. मानवीय संसाधन

क. पुस्तकालय व्यवस्थापन समिति गठन भएको छ

गठन भएको मितिः

पदाधिकारीको नामः

कर्मचारी विवरण

| क्र.सं. | नाम | सेवाको प्रकृति | नियुक्ति मिति | पारिश्रमिक रकम |
|---|---|---|---|---|
| | | | | |

ई. पुस्तकालयले हालसम्म गरेका कार्यक्रमहरु

| क्र.सं. | क्रियाकलाप | स्थान | लागत | नतिजा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

उ. पुस्तकालयको प्रस्तावित सामग्री र कार्यक्रम

| क्र.सं. | सामग्री/कार्यक्रम | अनुमानित लागत | प्रयोग कर्ता |
|---|---|---|---|
| | | | |
| | | | |